सन् 2020 मे 1 तारिख
अध्यागमन विभाग

नयाँ कोरोना भाइरस सङ्‌क्रामक रोगको सङ्‌क्रमण विस्तारको कारणले भिसा सम्बन्धित गतिविधि गर्न नपाइएको अवस्थामा हुने भिसा रद्द प्रक्रियाको "मनासिब कारण" बारेमा

अध्यागमन ऐनमा संलग्न तालिका 1 को भिसा ("प्राविधिक / मानविकी ज्ञान / अन्तर्राष्ट्रिय कार्य", "दक्ष कामदार", "प्रवास अध्ययन" आदि) भएर जापानमा बसोबास गरिरहेको विदेशी नागरिकले, उक्त भिसा सम्बन्धित गतिविधि लगातार 3 महिना वा सो भन्दा बढी नगरिरहेको भएपनि, उक्त गतिविधि नगरिकनै बसोबास गरिरहेको अवस्थाको हकमा "मनासिब कारण" भएको बखतमा, भिसा रद्द हुने दायरामा पर्ने छैन।

यस बुँदाको हकमा, नयाँ कोरोना भाइरस सङ्‌क्रामक रोगको सङ्‌क्रमण फैलावट या सङ्‌क्रमण रोकथाम उपाय अवलम्बनको प्रभावले, उदाहरणको लागि तल दिइएको जस्ता केस भित्र परेर, उक्त भिसा सम्बन्धित गतिविधि लगातार 3 महिना वा सो भन्दा बढी गर्न नसक्ने भन्ने ठहर भएमा, उक्त गतिविधि नगरिकनै बसोबास गरिरहेको अवस्थाको हकमा "मनासिब कारण" भित्र पर्ने भनेर सोच्न सकिन्छ।

① आबद्ध रोजगार स्थलको व्यापारमा गिरावट (अथवा व्यापार आफैँले रोक्नु परेको) भएर, अस्थायी रूपमा काममा बिदा नलिइकन नहुने भएको अवस्था

② आबद्ध कार्यस्थलको काम छोडेर, इन्टरनेट प्रयोग गर्ने आदि गरेर पुनः रोजगारी गर्ने स्थान खोज्ने गतिविधि गरिरहेको, अथवा, पुनः रोजगारीमा लाग्न सक्ने अनुमान भएपनि कम्पनी भ्रमण गर्न नसकिने स्थिति भएको अवस्था

③ आबद्ध शैक्षिक निकाय बिदा भएको अवस्था (उच्च अध्ययनको लागि जान लागेको शैक्षिक निकाय बिदा रहेको अवस्था समेत।)

④ आबद्ध शैक्षिक निकाय बन्द भए पश्चात्, अन्य शैक्षिक निकायमा भर्ना गर्नको लागि आवश्यक प्रक्रिया अघि बढाउन नसकिने अवस्था

⑤ नयाँ कोरोना लगायतका रोग उपचारको लागि अस्पताल भर्ना अवधि लामो हुन गएर विद्यालय बिदा लिएको अवस्था